## अध्याय सात

# पञ्चायतको प्रचारमा रेडियो नेपाल, २०१७-२०२२

**प्रत्यूष वन्त**

### पञ्चायतको प्रचार एजेण्डा

विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्त्वमा बनेको निर्वाचित मन्त्रीमण्डल र तत्कालीन संसदका दुवै सदन १ पुस २०१७ मा विघटन गरिसकेपछि राजा महेन्द्रले राष्ट्रका नाममा एउटा घोषणा गरे । त्यो घोषणाको तीन हप्ताभित्र उनले दिएका अर्का दुई सन्देश र घोषणाले पञ्चायतको सुरुका वर्षमा रेडियो नेपालले प्रसारण गर्ने सामग्रीको बृहत् मार्गनिर्देश गऱ्यो ।

१ पुसको घोषणामा प्रतिनिधिमूलक प्रजातान्त्रिक व्यवस्थाका नेतागणलाई राजा महेन्द्रले निम्न आरोप लगाए:

> प्रजातन्त्र पद्धतिको आडमा राष्ट्र र जनतालाई एकातिर पन्छाई व्यक्तिगत र दलगत स्वार्थ पूर्ति गर्नका लागि अधिकार प्रयोग गरियो .... अधिकारको दुरुपयोग हुँदा भ्रष्टाचार बढ्नुको साथै अनेकन भ्रान्ति पैदा गराई प्रशासन यन्त्रमा पनि शिथिलता उत्पन्न भई देशमा शान्ति सुरक्षा कायम राख्न यो मन्त्रीमण्डल बिलकुल असमर्थ भएकाले र

> अराष्ट्रिय तत्त्वहरूले धेरै मात्रामा प्रोत्साहन पाई राष्ट्रिय एकतामा समेत बाधा पुऱ्याउने वातावरण आउन लागेको पनि कसैमा नछिपेको [छ] (शाह २०२२: २४२) ।

देशको एकता, राष्ट्रियता र सार्वभौमिकता बचाउने अन्तिम जिम्मा आफैमा रहेकाले मन्त्रीमण्डल र संसदलाई विघटन गरेको तर्क राजा महेन्द्रले प्रस्तुत गरे । राष्ट्रको नाममा १२ पुसमा राजा महेन्द्रले अर्को घोषणा गरे । त्यसमा उनले "देश बनाउन र प्रजातन्त्रको जगलाई मजबुत पार्ने हामी सबैको अन्तिम लक्ष्य हुनुपर्छ" भन्दै "प्रजातन्त्रको जग मजबुत पार्न जेसुकै व्यवस्था अपनाएर पनि प्रजातन्त्रकै निमित्त सदैव अन्तिम लक्ष्य राखेर काम गर्नु नितान्त आवश्यक" भएको उल्लेख गरे (शाह २०२२: २४४) । त्यसै दिन राजा महेन्द्रले आफ्नै अध्यक्षतामा नौ सदस्यीय मन्त्रीपरिषद् पनि गठन गरे ।

त्यसको दश दिनपछि २२ पुसमा आफ्नो मन्त्रीपरिषद्को कार्यक्रम पेश गर्न राजा महेन्द्रले राष्ट्रको नाममा अर्को सन्देश दिए । उक्त सन्देशमा पनि २०१५ सालको चुनावपछि बनेको नेपाली काँग्रेसको मन्त्रीमण्डलमाथि विभिन्न आरोप उनले लगाएका थिए । देशमा शान्ति मात्र खलबलिएको नभई मुलुकको एकता र सार्वभौमसत्तामा समेत प्रश्नचिन्ह उठ्न पुगेकाले राष्ट्र बचाउन आफूले निर्वाचित सरकार विघटन गर्न चालेको कदमको औचित्य पुनः पुष्टि गर्ने प्रयास गरे । आफ्नो नेतृत्वमा बनेको मन्त्रीपरिषद्ले देशको "सर्वाङ्गीण विकासको निम्ति सार्थक तथा व्यवहारिक योजनाको तर्जुमा गर्नेछ," भन्दै सन्देशमा राजा महेन्द्रले थपे "नेपाललाई विश्वका अरू विकसित देशहरूको दाँजोमा पुऱ्याउने हो भने अरूले शताब्दी लगाएर गरेको विकास हामीले १०/२० वर्षमै गर्नुपर्ने खण्ड परेको छ"। देश विकासमा समस्त जनताको सहभागिता आह्वान गर्दै त्यसको निम्ति "उपयुक्त वातावरण सिर्जना गर्ने काममा दलगत राजनीतिबाट बाधा पर्ने हुनाले" (शाह २०२२: २४८-४९) राजनीतिक दल र तिनका वर्गीय सङ्गठनलाई उनले अवैध घोषणा गरे ।

सोही सन्देशमा उनले देश विकासको निम्ति "एउटा नयाँ शक्तिको मूल फुटाउनु परेको छ" भने । त्यो शक्तिले "हाम्रो शताब्दीदेखिको दरिद्रता, अज्ञानता र पिछडिएको अवस्थालाई हटाई यही नेपालको माटोमा जरा हाल्न सक्ने किसिमको यहाँकै हावापानी सुहाउँदो प्रजातन्त्रको विरुवा फलाउन र फुलाउन सकोस्" (शाह २०२२: २५०) भन्ने इच्छा पनि प्रकट गरे । त्यो शक्तिको पहिचान उनले पञ्चायत पद्धतिमा गर्दै भनेः

> पञ्चायत पद्धति नै प्रजातन्त्रको जग भएकाले र माथिबाट लादिएको प्रजातन्त्र देशको अनुभवबाट अफाप सिद्ध भएकोले हामीले अब प्रजातन्त्रको जग तलबाटै बलियो

> तुल्याउँदै लैजानु परेको छ । स्थानीय स्वायत्त शासनका संस्थाहरूद्वारा जनतालाई प्रशासनमा सरिक तुल्याई ग्राम पञ्चायत, जिल्ला पञ्चायत, नगर पञ्चायतको विकास गरी देशको समस्या र प्रगतिमा जनतालाई अभिरुचि लिन सक्ने तुल्याउने हाम्रो ध्येय भएकोले अहिलेसम्म राजनीतिक दलहरूमा लागेका व्यक्तिहरूले पनि विभिन्न तहमा यो नव जागृतिको लक्ष्य पूरा गर्ने काममा भाग लिनेछन् भन्ने हाम्रो आशा एवं विश्वास छ (शाह २०२२: २५०) ।

शासनको बागडोर आफ्नो हातमा लिएको तीनहप्ताभित्र राजा महेन्द्रले गरेका माथिका तीनओटा घोषणाबाट पञ्चायतको सुरुका वर्षमा त्यसको प्रचारप्रसार गर्न चाहने समर्थकहरूको पाँच बुँदे एजेण्डा तय भयो । पञ्चायतका प्रचारकहरूले (क) बहुदलीय व्यवस्थाका नेताहरूलाई दलगत र व्यक्तिगत स्वार्थमा डुबेर देशको हित विपरीत राजनीति गरेको आरोप लगाई सो खालको व्यवस्था 'लादिएको' भएकोले नेपाललाई सुहाउँदो छैन भन्नुपर्ने भयो । (ख) बहुदलीय व्यवस्थाले जन्माएको अशान्तिबाट देशको एकता र राष्ट्रियता खतरामा परेको तथ्य औँल्याएपछि त्यस्तो खतराबाट देशलाई मुक्त गरी राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने काम राजा महेन्द्रको नेतृत्त्वमा हुँदैछ भनेर पञ्चायतका प्रचारकहरूले भन्नुपर्ने भयो । उनीहरूले (ग) राष्ट्रको सर्वतोमुखी विकासको बखान गर्नुपर्ने भयो र (घ) यस्तो 'विकासको मूल फुटाउने' राजनीतिक व्यवस्था 'नेपालको हावापानी सुहाउँदो' पञ्चायत पद्धति हो भन्नुपर्ने भयो । चाकडीमा तह थप्न पञ्चायतका प्रचारकहरूले (ङ) राष्ट्रिय एकता र विकासलाई सम्भव बनाउने राजा महेन्द्रको सर्वमुखी व्यक्तित्त्वको पनि प्रचारबाजी गर्नुपर्ने भयो ।

## पञ्चायतको प्रचार र रेडियो नेपाल

शासन सत्ता हातमा लिइसकेपछि सञ्चार माध्यमबाट आफ्नो हितका कुरा मात्र जनमानसमा जाऊन् भनेर राजा महेन्द्र र उनका प्रचारकहरू लागिपरे । बहुदलीय व्यवस्थाका प्रवर्तकहरूको विचार सम्प्रेषणमा कडा सेन्सर लगाइयो ।[१] पञ्चायतको प्रचारबाजी *गोरखापत्र* (जसलाई फागुन २०१७ मा दैनिक पत्रिका बनाइयो) लगायत अरू पत्रिकाले गर्न थाले । असाक्षर ठूलो जनसङ्ख्या तथा भौगोलिक

---

[१] थप विवरणका लागि हेर्नुहोस् एल.एस. बराल (सन् १९७४), लोकराज बराल (सन् १९७५), चौहान (सन् १९७१: १६७-१९४) र वन्त (सन् २००४) । पञ्चायतकालीन मिडियाको थप चर्चाको लागि हेर्नुहोस् राई (सन् २००१) । पञ्चायतको पछिल्ला वर्षमा यसको प्रचार एजेण्डा र अन्तर्राष्ट्रिय सञ्चार विशेषज्ञको अवधारणाबीचको नाताको चर्चाको लागि हेर्नुहोस् (वन्त सन् २००३) । पञ्चायत कालमा भएको शिक्षाको राष्ट्रियकरणको चर्चा मैले अन्यत्र गरेको छु (वन्त सन् १९९६) ।

अवस्थितिका कारण मुलुकमा पञ्चायतको सबभन्दा शक्तिशाली प्रचारक रेडियो नेपाल बन्न पुग्यो । यो कुराको सङ्केत राजा महेन्द्रले रेडियो नेपालको जन्म जयन्तीको उपलक्ष्यमा २० चैत २०१९ मा दिएको सन्देशमा गरेका छन्:

> हाम्रो जस्तो यातायातको कठिनाइ भएको मुलुकमा टाढा टाढाका भागलाई नजिक ल्याई शिक्षा, समाचार मनोरञ्जन आदि विभिन्न क्षेत्रमा जनताको सेवा गर्ने रेडियोको गहन जिम्मेवारी भएको कुरा सबैमा विदितै छ । रेडियो नेपालले देशको वर्तमान व्यवस्थाअन्तर्गत् राष्ट्रिय तथा एकताको भावनालाई सधैं जगाई देशमा हुन लागेको निर्माण कार्यको बोध गराउने कामबाहेक, हाम्रो सांस्कृतिक उत्थानको लागि पनि विभिन्न कार्यक्रम समेत तयार गरी देश र जनताको यथासक्य सेवा गर्नमा प्रतिवर्ष प्रगति गर्दै आएको सह्राहनीय कुरा भएको छ । यसैगरी विभिन्न क्षेत्रमा अझ बढी मात्रामा रेडियो नेपालले उत्तरोत्तर सेवा गर्दै जान सफल होस् । यही मेरो आज हार्दिक शुभकामनाका साथै रेडियो नेपालको इमानदार सबै कर्मचारीलाई पनि धन्यवाद दिन्छु (शाह २०२२: ४२३; मौलिक पाठ्यांशमै जोड दिइएको) ।

पञ्चायतको सुरुका पाँच वर्षमा रेडियो नेपालबाट समग्र रूपमा के के बज्यो भन्न हामी असमर्थ छौं । रेडियोबाट तत्कालीन अवस्थामा कैयौँ सामग्री 'लाइभ' बजेका र तिनको कुनै रेकर्ड नभएको भन्ने हाम्रो अनुसन्धानबाट थाहा हुन आएको छ । रेकर्ड भएका सामग्री पनि तिनको व्यवस्थित भण्डारणको अभावमा अनुसन्धानकर्ताका लागि अब उपलब्ध छैनन् । तर रेडियो नेपालबाट बजेका सामग्रीमध्येबाट पञ्चायतको माथि उल्लेखित पाँच बुँदे एजेण्डाको प्रचारबाजी गर्ने केही प्रतिनिधि सामग्री मुद्रण गरी रेडियो नेपालले पुस्तकका रूपमा क्रमशः प्रकाशन गऱ्यो । यी पुस्तक शृङ्खलामा पहिलो *युगध्वनि* (शाह २०१८) राजा महेन्द्रको जन्मदिन पारेर जेठ २०१८ मा प्रकाशन भयो । २०२७ सम्म हरेक वर्ष राजाको जन्मदिन पारेर प्रकाशित यी पुस्तकको शीर्षकको सुरुमा 'युग' राखियो (जस्तोः *युग दर्शन, युगज्योति, युग चेतना* इत्यादि) ।[२] यी पुस्तकबाहेक रेडियो नेपालबाट त्यतिबेला प्रसारित केही अन्य सामाग्रीहरू पनि पुस्तकका रूपमा प्रकाशित छन् । यी पुस्तकले पञ्चायतका सुरुका वर्षमा प्रसारित सामग्रीको थोरै भए पनि अनुसन्धान गर्न हामीलाई मद्दत गर्छन् । तिनको प्रारम्भिक अध्ययन मात्र सम्पन्न भएकाले यहाँ विस्तृत विश्लेषण सम्भव छैन । यो लेखमा पाठकलाई तिनको स्वाद चखाउने उद्देश्यले केही मौलिक पाठ्यांशसहित सामान्य चर्चा गरिएको छ ।

[२] यी पुस्तकबारे थप विवरणको लागि हेर्नुहोस् अध्याय २३ ।

## रेडियो नेपालबाट प्रसारित सामग्री

१ पुस २०१७ पछिको पहिलो छ महिनाभित्रै रेडियो नेपालबाट प्रसारित सामग्रीमा माथि चर्चा गरिएको पञ्चायतको प्रचारको एजेन्डा कार्यान्वयन भएको देखिन्छ। उदाहरणको लागि हामी *युगध्वनि*मा सम्मिलित केही लेख हेर्न सक्छौँ। अनन्त पौडयाल (२०१८) द्वारा लिखित 'नेपालको राष्ट्रिय जागरण र श्री ५ महेन्द्र', रमेशनाथ पाण्डे (२०१८) को 'श्री ५ महाराजाधिराजको नेतृत्त्वमा राष्ट्रियताको विकास' र चित्तरञ्जन 'नेपाली' (२०१८) को 'आजको ऐतिहासिक महत्त्व'मा बहुदलवादीलाई गाली (प्रचार बुँदा क) र राष्ट्रिय एकताको प्रवर्द्धनमा श्री ५ महेन्द्रको नेतृत्त्व (प्रचार बुँदा ख र ङ) को प्रचुर मात्रामा चर्चा गरिएको हामी पाउँछौँ। पञ्चायत व्यवस्थाको पूर्ण स्वरूप ठम्याई नसकिएको हुनाले यसको विस्तृत चर्चा गरिएका लेखहरू (प्रचार बुँदा घ) यो छ महिनाको अवधिमा प्रसारण भएको भेटिन्न तर यसको 'दर्शन'बारे केही लेखहरूमा चर्चा गरिएको छ (उदाहरणको लागि हेर्नुहोस् पौडयाल २०१८)।

त्यही अवधिभित्र देशको विकासबारेका सामग्री रेडियो नेपालबाट अवश्य प्रसारण भएको हुनुपर्छ तर *युगध्वनि*का लेखहरूमा भने विकास (प्रचार बुँदा ग) को सामान्य चर्चा मात्र गरिएको छ। राजा महेन्द्रको राजनैतिक र व्यक्ति पूजा (प्रचार बुँदा ङ) त्यही अवधिभित्रै प्रष्टसँग हुन थालेको देखिन्छ। समालोचक रत्नध्वज




तस्बिर ७.१: रेडियो नेपालको प्रकाशन *युगध्वनि* २०१८।

जोशी (२०१८) ले 'उसैको लागि' मा एक दृष्टि' भन्ने लेखमा उक्त पुस्तकका लेखक एमबीबी शाह (राजा महेन्द्रको साहित्यिक नाम, पछि उनले मबिबि शाह लेख्न थाले) को 'कवि हृदय'को गुणगान गाएका छन् । रेडियो नेपालबाट राजा महेन्द्रद्वारा लिखित विभिन्न गीतहरू पनि प्रसारण भए जसमध्ये 'आऊ बनाऔँ साथ मिलेर भोलिको यो हाम्रो नेपाल' प्रख्यात भएको थियो ।

जेठ २०१९ मा रेडियो नेपालले *युग दर्शन* प्रकाशन गऱ्यो । प्रायः जेठ २०१८ सालपछि प्रसारित सामग्रीबाट छानिएका केही लेख त्यसमा परेका थिए । ती लेख




तस्बिर ७.२: रेडियो नेपालको प्रकाशन *युग दर्शन* २०१९ ।

हेर्दा रेडियो नेपालले पञ्चायतको पाँच बुँदे प्रचार एजेण्डामा अरू बुँदामाथि यथावत ध्यान कायम राखेर यसभन्दा अघि अपेक्षाकृत थोरै महत्त्व पाएको बुँदा (ग) र (घ) लाई विशेष जोड दिएको देखिन्छ । तसर्थ हामी सूर्यप्रसाद श्रेष्ठ (२०१९) को 'पञ्चायती प्रजातन्त्र र राष्ट्रिय निर्देशन', कृष्णबम मल्ल (२०१९) को 'राष्ट्रिय पञ्चायतको महत्त्व' आदि लेख प्रसारण भएको पाउँछौँ । यी लेखमा तत्कालीन अवस्थामा भर्खर प्रष्ट हुन थालेको पञ्चायत व्यवस्थाका विभिन्न पक्षबारे चर्चा र तिनको औचित्य पुष्टि गर्ने प्रयास (प्रचार बुँदा घ) गरिएको छ ।

विकाससम्बन्धी (प्रचार बुँदा ग) कुरामा राजा महेन्द्रबाट २०१८ सालमा उद्‌घाटित पूर्व-पश्चिम राजमार्गको अवधारणाले प्रमुख स्थान पाएको थियो । गोपालप्रसाद भट्टराई (२०१९) को 'पूर्व-पश्चिम मूलबाटोको महत्त्व', जितेन्द्रराज

(२०१९) को 'पूर्व-पश्चिम राजमार्ग र यसको महत्त्व' र बालचन्द्र शर्मा (२०१९) को 'हाम्रो राष्ट्रिय जीवनमा पूर्व-पश्चिम मूलबाटोको महत्त्व' शीर्षकका लेख रचना प्रसारित भएका थिए। पूर्व-पश्चिम राजमार्गबाट नेपालीको 'विकास र प्रगतिको मुहान फुट्दछ' (भट्टराई २०१९: ५९) र 'एकताको भावनामा अभिवृद्धि' हुन्छ (शर्मा २०१९: ८५) भन्ने तर्क गरियो। पञ्चायतका हिमायती विश्वबन्धु थापाद्वारा रचित र पुष्प नेपालीले गाएको गीत 'नेपाल गौरव हाम्रो यो राम्रो पञ्चैको सरकार' पनि यही समयमा रेडियो नेपालबाट घन्कियो।

रेडियो नेपालले २०१९ सालमा पञ्चायत प्रसारका पछिल्ला चार बुँदालाई ध्यानमा राखी प्रशस्त प्रसारण गरेको देखिन्छ। पञ्चायत व्यवस्थाको स्वरूपमा बढी स्पष्टता आउँदै गरेको र १ पुस २०१९ मा पञ्चायती संविधान पनि लागू गरिएकाले रेडियो नेपालबाट उक्त वर्ष प्रसारित सामग्रीमा पञ्चायती व्यवस्थाका विभिन्न पक्ष उद्घाटन गर्ने विषय (प्रचार बुँदा घ) बढी परेको छ। *युगज्योति*मा प्रकाशित वीरेन्द्र खुञ्जेली (२०२०) को 'पञ्चायती व्यवस्थाको मर्म', सुन्दरप्रसाद शाह (२०२०) को 'वर्गीय सङ्गठन र एकता', यदुनन्दन के.सी. (२०२०) को 'पञ्चायत प्रणालीको मूलभूत आधार' र गोपालप्रसाद भट्टराई (२०२०) को 'पञ्चायत संविधानको विवेचना'बाट यो प्रष्ट हुन्छ। लक्ष्मण लोहनी (२०२०) ले लेखेको 'पञ्चायत' नामको नाटक पनि त्यतिबेला प्रसारित भयो। प्रचारको विकास बुँदा (ग) लाई ध्यानमा राखी टी.एस.थापा (२०२०) को 'सामुदायिक विकास र पञ्चायत विकास', दुर्गाप्रसाद 'उपेन्द्र' (२०२०) को 'नेपालको विकासमा पञ्चायती व्यवस्थाको महत्त्व' साथै पूर्व-पश्चिम राजमार्गबारे अन्य लेखकका रचनाहरू प्रसारण भए।

२० चैत २०१८ पछिको एक वर्षको अवधिमा रेडियो नेपालले राष्ट्रिय एकता (प्रचार बुँदा ख) र राजा महेन्द्रको व्यक्तित्त्व (प्रचार बुदा ङ) को प्रचार गर्न गरेको प्रसारणको झलक तत्कालीन रेडियो नेपालका डाइरेक्टर प्रकाशमान सिंहले प्रस्तुत गरेका प्रतिवेदनबाट स्पष्ट हुन्छ:

> २०१९ साल जेष्ठ २९ गते श्री ५ महाराजाधिराज सरकारको त्रिचालीसौँ शुभ जन्मोत्सवको उपलक्ष्यमा 'नेपालको फूलबारी' नामक नेपाली सङ्गीत र नाटच कलाको उत्कृष्ट नमूनाहरूले परीपूर्ण एक गीति नाटक रङ्गमञ्चमा प्रस्तुत गऱ्यो र यहाँ यो भन्नु अप्रासंगिक नहोला कि यस प्रकार रङ्गमञ्चमा गरिएको यो प्रयास नेपालमा प्रथम थियो। यसका अतिरिक्त 'श्री ५ महेन्द्रको महान व्यक्तित्त्व' विषयमा विद्वानहरूको एक विचार गोष्ठीको पनि आयोजना गरियो र रिले समेत गरिएको थियो (सिंह २०२०: इ-ई )।

'नेपालको फूलबारी' गीतिनाटचको विषयवस्तुलाई यसरी चिनाइएको थियो: "सम्वत् १८१९ देखि आज २०१९ सालसम्म दुई शताब्दीभित्र हाम्रो नेपालमा

भएको युगपरिवर्तन, ऐतिहासिक घटना, जनभावना र त्यसको स्रोतलाई विहङ्गम दृष्टिले नियालेर कोरिएको रूपरेखामा यो नाटच खोलिएको छ" (रेडियो नेपाल २०१९कः ६) ।[३]

'श्री ५ महेन्द्रको महान व्यक्तित्त्व'बारे विचार गोष्ठी २८ जेठ २०१९ मा शाही सैनिक हेडक्वार्टरमा सम्पन्न भएको थियो । त्यसलाई रेडियो नेपालबाट प्रसारण गरिएको थियो । उक्त गोष्ठीमा बालकृष्ण समले 'नेपाली इतिहासको पृष्ठभूमिमा श्री ५ महेन्द्र', बालचन्द्र शर्माले 'श्री ५ महेन्द्र र नेपालको सांस्कृतिक उत्थान', यदुनाथ खनालले 'श्री ५ महेन्द्र र नेपालको अन्तर्राष्ट्रिय व्यक्तित्त्व', नरेन्द्रमणि आ.दी.ले 'साहित्य औ श्री ५ महेन्द्रको साहित्यिक अनुराग', दयावीर सिंह कंसाकारले 'दलित वर्गको उत्थान र समाज सेवाप्रति श्री ५ महेन्द्रको योगदान' र रणधीर सुब्बाले 'श्री ५ महेन्द्र र हाम्रो शिक्षा प्रणाली' शीर्षकमा 'विश्लेषणात्मक व्याख्याहरू' प्रस्तुत गरेका थिए । पछि उक्त गोष्ठीमा प्रस्तुत भएका सामग्री सङ्कलन गरी *श्री ५ महेन्द्रको व्यक्तित्त्व* शीर्षकको पुस्तक रेडियो नेपाल (२०१९ख) ले प्रकाशन गऱ्यो ।

राष्ट्रिय एकता र राजा महेन्द्रको व्यक्तित्त्वबाहेक उक्त समयावधिमा रेडियो नेपालले विकासको चर्चा (प्रचार बुँदा ग) र पञ्चायतको व्याख्या (प्रचार बुँदा घ) गर्न प्रसारण गरेको सामग्रीबारे प्रकाशमान सिंह लेख्छन्:

> पञ्चायत दर्शन, पञ्चायत व्यवस्था, वर्गीय सङ्गठन, अरू युगानुकुल र सामयिक चर्चाहरू, शिक्षा, पूर्व-पश्चिम मूलबाटो आदि अनेक विषयहरूसम्बन्धी वार्ता ५५८, रूपक ४८, गीती कथा ४८, नयाँ राष्ट्रिय गीतहरू २२५, पञ्चायतसम्बन्धी रूपक ४६, रेडियो रिपोर्ट करिब २५, प्रत्यक्ष वर्णनको रिले ३ पटक प्रसारित भए (सिंह २०२०: ऊ) ।

श्री ५ महेन्द्रले गरेको मुलुकको विभिन्न भागको भ्रमणबारे पनि रिपोर्ट तयार गरी रेडियो नेपालले प्रसारण गरेको थियो ।

१ पुस २०१९ मा पञ्चायती संविधान लागू भएपछि उक्त व्यवस्थाको व्याख्या प्रसारमा रेडियो नेपाल त्यसपछिको एक वर्षमा व्यापक रूपले लागेको देखिन्छ । *युग चेतना* (२०२१) मा प्रकाशित विभिन्न रचना यसका प्रमाण हुन् । पञ्चायत व्यवस्था 'नेपालको भौतिक र अरू अवस्थाको कारण इतिहासले निर्णय गरेको व्यवस्था हो' भन्ने पुष्प 'पिंडाली' (२०२१: १) को लेख प्रसारण भएको थियो । नेपालमा 'पञ्चायती व्यवस्थाको प्राचीन परम्परा' छ भन्ने तर्क गरिएको कुलमणि देवकोटा (२०२१) को लेख पनि प्रसारण भयो । तत्कालीन समयमा नेपालको

[३] 'नेपालको फूलबारी' प्रस्तुत गरिँदाको कार्यक्रम विवरणको लागि हेर्नुहोस् रेडियो नेपाल (२०१९क) ।

उत्थान गर्न पञ्चायती व्यवस्था किन आवश्यक छ भन्ने तर्क गरिएका ढुण्डीराज भण्डारी (२०२१) र यदुनन्दन केसी (२०२१) का लेखहरू पनि प्रसारण भए ।




तस्बिर ७.३: रेडियो नेपालको प्रकाशन *युग चेतना* २०२१ ।

यीबाहेक अन्य लेख रचना 'पञ्चायत दर्शन' प्रचार एजेण्डा (बुँदा घ) अन्तर्गत् प्रसारण भएका थिए । त्यति नै बेला राजा महेन्द्रका स्तुतिकार वाई.जी. कृष्णमूर्तिले पञ्चायत प्रचारका पाँचै बुँदा मनन गरी अंग्रेजीमा लेखेका एउटा लेख 'द महेन्द्र एरा' पनि रेडियो नेपालबाट प्रसारण गरियो । पछि उक्त लेख पुस्तिकाको रूपमा प्रकाशन भयो (कृष्णमूर्ति मिति नखुलेको) ।

पञ्चायत व्यवस्थाको व्याख्या प्रचारको साथसाथै उक्त वर्ष पञ्चायतको विकास एजेण्डा (बुँदा ग) बारे पनि प्रशस्त सामग्री रेडियो नेपालबाट प्रसारित भएको देखिन्छ । *युग चेतना*मा परेका लेखलाई मात्र आधार मान्दा विकासको निम्ति शिक्षा, नयाँ मुलुकी ऐन, पूर्व-पश्चिम राजमार्ग, पर्यटन, रेडियो प्रसारण इत्यादि विषयमा केन्द्रित लेखरचना प्रसारित भए ।

२०२०/०२१ सालतिर रेडियो नेपालले आफ्नो प्रसारणको उद्देश्य पञ्चायतको प्रचार एजेण्डाअन्तर्गत् कसरी मिलाएको रहेछ भनेर बुझ्न १ वैशाख २०२१ मा प्रकाशमान सिंहले दिएको भाषण सहयोगी छ । पञ्चायत मन्त्रालयअन्तर्गत्को प्रचार विभाग बन्न पुगेको रेडियो नेपालका डाइरेक्टर सिंहले रेडियो नेपालको प्रसारण क्षमता बढाउने नयाँ ट्रान्समिटर उद्घाटन अवसरमा भनेका थिए:

> हरतरहले रेडियो नेपाल कर्तव्य पथमा सदा अडिग रही इमान्दारी पूर्वक देश र जनताको बहुमुखी सेवा कार्यमा अझै अग्रसर भई बढी सक्रिय हुन सकोस् भन्ने श्री ५ महाराजाधिराज सरकारको शुभ कामनाबाट हामी समस्त रेडियो परिवार प्रेरित भई आफ्नो कर्तव्य पालन गर्नमा सचेष्ट छौँ र साथै आफ्नो कर्तव्य र दायित्त्वलाई राम्ररी बुझी समस्त नेपाली जनजीवनमा पञ्चायती व्यवस्था राष्ट्रिय एकता र जन भावनालाई कुना कुनासम्म पुऱ्याउने र शिक्षा कला संस्कृति र मनोरन्जन आदि विविध विषयको विकास कार्यमा योगदान दिँदै रेडियो नेपालले गर्दै आएको प्रगति सह्राहनीय छ (सिंह २०२१: ४४१; मौलिक पाठ्यांशमै जोड दिइएको) ।

२०२१ सालतिर पञ्चायतको प्रचार (बुँदा घ) अतिरिक्त राजा महेन्द्रको व्यक्तित्त्व (बुँदा ङ) प्रचार गर्न रेडियो नेपाल जोडतोडले लागेको थियो । जेठ २०१९ मा जस्तै २९ जेठ २०२१ मा रेडियो नेपालले केही नेपाली विद्वान भेला गरी राजा महेन्द्रको 'बहुमुखी प्रतिभा'को सम्बन्धमा आ-आफ्ना विचार व्यक्त गर्न अनुरोध गरेको थियो । उक्त अवसरमा ऋषिकेश शाह, रणधीर सुब्बा, साम्बदेव पाण्डे, बालचन्द्र शर्मा, बालकृष्ण सम, ढुण्डीराज भण्डारी र सत्यमोहन जोशीले बोलेका थिए । उनीहरूले बोलेका सामग्रीपछि रेडियो नेपालले सङ्कलन गरी *श्री ५ महेन्द्र- एक विचारक राजनेता* शीर्षक राखेर पुस्तक प्रकाशन गरेको थियो (श्रेष्ठ २०२२) ।

२०२१ सालपछि पञ्चायतको विकास एजेण्डा (प्रचार बुँदा ग) अन्तर्गत् भूमिसुधारले प्रमुख ठाउँ पायो । भूमिमाथि स्वामित्त्व नभएको अत्यधिक सङ्ख्याका कृषक हुञ्जेल नेपालको कृषि क्षेत्रमा विकास सम्भव नहुने अवधारणाअन्तर्गत् भूस्वामित्त्वमा नयाँ कानुनी बन्देज लगाउने उद्देश्यसहित भूमिसुधार लागू गरिएको थियो । २०२२ मा प्रकाशित *युग दर्पण*लाई आधार मान्दा भूमिसुधारको लागि बनेको नयाँ ऐनको नैतिक आधार (शर्मा २०२२), भूमिसुधारबाट नेपालको अर्थतन्त्रमा हुने सम्भावित फाइदा (नेपाली २०२२, प्रसाद २०२२) र यसका अन्य पक्षबारे अरू लेखहरू रेडियो नेपालबाट २०२१/०२२ सालमा प्रसारण भएको देखिन्छ । २०२३ मा प्रकाशित *युग प्रेरणा*मा सम्मिलित भएका 'भूमिसुधार कार्य र किसानको कर्तव्य' (मल्ल २०२३) र 'भूमिसुधार– एक मूल्याङ्कन' (श्रेष्ठ २०२३) यसका थप प्रमाण हुन् ।

## निष्कर्ष

जनप्रतिनिधिमूलक बहुदलीय व्यवस्था खारेज गरी एकाधिकार भएको राजनीतिक व्यवस्था लाद्न उद्दत राजा महेन्द्रलाई आफ्नो कदमको औचित्य पुष्टि गर्न माथि उल्लिखित पाँच बुँदा आवश्यक पऱ्यो । त्यसैले तिनलाई पुस २०१७ मा आफूले

दिएका तीनओटा घोषणा र सन्देशमार्फत उनले चर्चामा ल्याए । ती पाँच बुँदा पञ्चायत पद्धति प्रचारको लागि अति आवश्यक ठहऱ्याएपछि रेडियो नेपाल लगायत अन्य माध्यमबाट पञ्चायतको प्रचार गर्ने सामग्री निर्माण गर्दा तिनै बुँदालाई प्रमुख आधार बनाइयो । राजाको राजनैतिक एकाधिकारयुक्त पञ्चायत व्यवस्था स्थापना गर्न प्रसारणको एकाधिकार भएको रेडियो नेपाल शक्तिशाली सहयोगी बन्यो । त्यो सिलसिलामा पञ्चायतको सुरुका पाँच वर्षमा रेडियो नेपालबाट प्रसारित राजनैतिक सामग्रीको मुख्य प्रवृत्तिबारे चर्चा गरेर रेडियो प्रसारणले तत्कालीन नेपाली राजनीतिमा खेलेको महत्त्वपूर्ण भूमिकाबारे यहाँ पाठकको ध्यान आकर्षण मात्र गरिएको छ । यस विषयमा थप अनुसन्धान र विश्लेषण आवश्यक छ ।